# स्थानीयतहको आर्थिक ऐन, २०७४

**बारपाक** सुलिकोट गाउपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना : सुलिकोट गाउपालिकाको आर्थिक वर्ष २०७४/२०७५ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयनगर्नको निमित्त स्थानिय कर तथाशुल्क संकलनगर्ने, छुट दिने तथाआय संकलनको प्रशासनिकव्यवस्थागर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सुलिकोट गाउसभाले यो ऐन बनाएको छ।

१)संक्षिप्तनाम र प्रारम्भ : (१) यस ऐनकोनामआर्थिक ऐन, २०७४ रहेको छ।

(२) यो ऐन २०७४ सालश्रावण १ गते देखि सुलिकोट गाउपालिका क्षेत्रमालागु हुनेछ।

२) सम्पत्ति कर : गाउपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिमएकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुलउपर गरिने छ।

३) भूमि कर (मालपोत) : गाउपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिमभूमि कर (मालपोत) लगाइने र असुलउपर गरिनेछ।

४) घर कहाल करः गाउपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन ,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पूरै वाआंशिकतवरले वहालमादिएकोमा अनुसुचि (३) बमोजिम घरजग्गावहाल कर लगाइने र असुलगरिनेछ।

५) व्यवसाय कर : गाउपालिका क्षेत्रभित्रव्यापार, व्यवसायवा सेवामापुजिगतलगानी र आर्थिक कारोबारकाआधारमा अनुसुचि (४) बमोजिमव्यवसाय कर लगाइने र असुलउपर गरिनेछ।

६) जडिबुडि, कबाडि र जिबजन्तु करः गाउपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले ऊन, खोटो, जडिबुटि, बनकस, कबाडि माल र प्रचलितकानूनले निषेध गरिएको जीवजन्तु वाहेकेकाअन्य मृत वामारिएकाजीवजन्तुको हाड, सिं प्वांख , छाला जस्ता बस्तुको व्यवसायिककारोबार गरेबापत अनुसुचि (५) बमोजिमको कर लगाइने र असुलउपर गरिनेछ।

७) सवारी साधन कर : गाउपालिका क्षेत्रभित्रदर्ता भएका सवारी साधनमा अनुसुचिबमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भइ सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामासोहि बमोजिमहुनेछ।

८) विज्ञापन करः गाउपालिका क्षेत्रभित्रहुने विज्ञापनमा अनुसुचि७बमोजिम विज्ञापन कर लगाईने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ।

९) मनोरन्जन कर : गाउपालिका क्षेत्रभित्रहुने मनोरन्जनव्यवसाय सेवामा अनुसुचि ८ बमोजिमव्यवसाय कर लगाईने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ ।

१०) बहाल बिटौरी शुल्कःगाउपालिका क्षेत्रभित्रआफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि ९ माउल्लेख भएअनुसार हाट बजार वापसलमा सोही अनुसुचिमाभएको व्यवस्थाअनुसार बहाल विटौरी शुल्कलगाईने र असुलउपर गरिनेछ ।

११) पार्किङ्गशुल्कःगाउपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ्ग सेवाउपलब्ध गराएवापत अनुसुचि १० बमोजिमपार्किङ्ग शुल्कलगाईने र असुलउपर गरिनेछ ।

१२) टेकिङ्ग, कोयोकिड , क्यानोइङ्ग, बन्जिजम्पिङ्ग, जिपप्लाएर र र्‍याप्टिङ्ग, शुल्कःगाउपालिका क्षेत्रभित्रटेकिङ्ग, कोयोकिड , क्यानोइङ्ग, बन्जिजम्पिङ्ग, जिपप्लाएर र र्‍याप्टिङ्ग सेवावाव्यवसाय संचालन गरेवापत अनुसुचि ११ बमोजिमको शुल्कलगाईने र असुलउपर गरिनेछ ।

१३) सेवाशुल्क , दस्तुर : गाउपालिकानिर्माण, संचालनवाव्यस्थापन गरेका अनुसुचि १२ माउल्लिखित स्थानियपूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहिबाट सोहि अनुसुचिमाव्यस्थाभएअनुसार शुल्कलगाइने र असुलउपर गरिनेछ ।

१४) पर्यटन शुल्क : गाउपालिकाले आप्नो क्षेत्रभित्रप्रवेश गर्ने पर्यटकहरुबाट अनुसुचि १३ माउल्लिखित दरमापर्यटनशुल्कलगाईने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको सोहि बमोजिमहुनेछ ।

१५) कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्वभएकाव्यक्तिवा संस्थाहरुलाई कुनै पनिकिसिमको कर छुट दिईने छैन ।

१६ः कर तथाशुल्क संकलन सम्बन्धिकार्यबिधिः यो ऐनमाभएको व्यवस्थाअनुसार कर तथाशुल्क संकलन सम्वन्धिकार्यविधिगाउपालिकातोकेअनुसार हुने छ ।